**हरिनास गाउँपालिकाको दोस्रो गाउँ सभाको १७औं अधिवेशनमा गाउँ पालिकाका उपाध्यक्ष श्री इन्द्रा कुमारी थापा राना ज्यू बाट प्रस्तुत संक्षिप्त बजेट मन्तव्य।**

मितिः २०८२/०३/०६ गते
समयः दिनको ११:०० वजे
स्थानः गाउँपालिकाको सभाहल

यस गरिमामय सभाका सभाध्यक्ष एवं गाउँपालिका अध्यक्ष श्री खिम नारायण मानन्धर ज्यू, उपस्थित सभाका सदस्यज्यूहरु, कर्मचारी मित्रहरु, पत्रकार महानुभावहरु सुरक्षा कर्मी तथा नागरिक समाजका सदस्य ज्यूहरु।

१. आज मिति २०८२ असार ६ गते शुक्रबार गण्डकी प्रदेश, स्याङ्गजा जिल्ला, हरिनास गाउँपालिकाको आगामी आ.व. २०८२/०८३ को बजेट वक्तव्य प्रस्तुत गर्न यस गरिमामय सभा समक्ष उपस्थित भएको छु। यस खुसीको अवसरमा जनआन्दोलन, जनयुद्ध, लगायतका राजनैतिक अधिकार प्राप्तीका लागि भएका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको लागि कामना गर्दै वेपत्ता नागरिकहरु प्रति सम्मानपूर्वक नमन गर्न चाहन्छु। साथै मुलुकको राजनैतिक आर्थिक एवं सामाजिक परिवर्तनमा युगान्तकारी रुपले नेतृत्वदायी भूमिका खेल्नु हुने महानुभावहरु प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

२. आ.व. २०८२/०८३को बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ एवं गाउँपालिकाको यस सभामा टेवल भएको मध्यकालीन खर्च संरचना प्रथम पञ्चवर्षिय योजना, स्वीकृत ऐन, नियम, कार्यविधिहरु, मार्गदर्शन र विभिन्न बैठक तथा छलफलबाट प्राप्त भएको सुझावहरु समेतलाई समावेश गरी गाउँपालिका वासीहरुको समग्र आर्थिक समृद्धि, सामाजिक न्याय सुनिश्चितता र समानुपातिक तथा समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा तर्जुमा गरेको छु ।

३. नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरे बमोजिम भएको मिति २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तह सदस्य निर्वाचनबाट स्थानीय सरकारका प्रतिनिधिको रुपमा हामी निर्वाचित भएको छोटो अवधिमा नै संस्थागत विकास गर्ने आफ्नो गाउँपालिका बासिहरुको लागि छिटो छरितो र प्रभावकारी सेवा घरदैलोमा नै प्रदान गर्ने सु-शासनको अनुभूति प्रदान गर्ने कार्यमा हाम्रो ध्यान केन्द्रित भएको छ।आवश्यक पूर्वाधारहरुको निर्माण तथा जनशक्ति व्यवस्थापन गर्दै नागरिकहरु प्रतिको कर्तव्य र दायित्वलाई वहन गर्दै आईरहेका छौं ।

४. संविधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार प्रयोग गर्दै आफ्नो अधिकार क्षेत्रभित्र रहेर ऐन, नियम, कार्यविधिहरुको निर्माण गरी कानुनी शासन सञ्चालनका लागि आवश्यक पृष्ठभूमि तयार गरीएको छ। यसरी कानून प्रदत्त कार्यका लागि जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता वृद्धिमा समेत ध्यान दिइएको छ ।

५. हाल विश्वव्यापी आर्थिक मन्दीको कारण हाम्रो देशमा समेत त्यसको प्रत्यक्ष असर भईरहेको विषम परिस्थितिमा समेत गाउँपालिकाले पालिकावासीहरुका लागि प्रवाह गर्नुपर्ने सेवा, सुविधालाई उच्च प्राथमिकता दिएर बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ। स्थानीय वेराजगारीलाई न्यूनिकण गर्दै गरिबी कम गर्न यो बजेट महत्वपूर्ण हुनेछ।

६. वार्षिक नीति तथा बजेट कार्यक्रम तर्जुमाको क्रममा तथ्याङ्कको आधार लिईएको छ। नेपालको सोहौं योजना (आ.व. २०८१/०८२ देखि आ.व. २०८५/८६) प्रमुख मार्गदर्शनको रुपमा लिएको छु। साथै गाउँपालिकाको प्रथम, आवधिक योजना, प्रथम मध्यमकालीन खर्च संरचना, यातायात गुरु योजना, पर्यटन गुरु योजना, दिगो विकासका लक्ष्यहरु अन्तराष्ट्रिय सन्धी सम्झौताहरु, संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु समेतलाई आधार मानेको छु। यस बजेट तथा कार्यक्रमले गाउँपालिकावासीहरुको समग्र हितमा टेवा पुग्ने विश्वास लिएको छु।

आदरणीय सभाअध्यक्ष महोदय,

७. विगत तथा चालु आ.व. मा भएको बजेट ब्यवस्थापन समेत मध्यनजर गरी आगामी आ.व. २०८२/०८३ का लागि वित्तीय परिचालन र खर्च अनुमान गर्दा वित्तीय सन्तुलन कायम गर्ने उद्देश्य लिई सोही अनुरुप बजेट तथा कार्यक्रमहरु तर्जुमा गरि विनियोजन गरेको छु। आ.व. २०८२/०८३ का लागि कूल रु. **४३,४२,५०,००५ (४३ करोड ४२ लाख ५० हजार ५ रुपैया)** को बजेट प्रस्ताव पेश गरेको छु ।

**<u>आयको विवरण</u>**

| शीर्षक | आ.व. २०८२/०८३ को आय अनुमान (हजारमा) |
|---|---|
| **राजश्व** | |
| आन्तरिक राजश्व | ३१,००,००० |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | |
| नेपाल सरकारबाट प्राप्त अनुदान | |
| • वित्तीय समनीकरण अनुदान | ८,०२,००,००० |
| • सशर्त अनुदान चालु<br>• सशर्त अनुदान पुँजिगत | १८,८१,००,०००<br>६५,००,००० |
| • राजश्व बाँडफाँड प्राप्ति | ७,०८,७७,७५५ |
| • विशेष अनुदान | १,८०,००,००० |
| • समपुरक अनुदान | १,०२,००,००० |
| जम्मा | ३७,३८,७७,७५५ |

| प्रदेश सरकारबाट प्राप्त अनुदान | |
|---|---|
| • वित्तीय समानीकरण अनुदान | १,००,१९,००० |
| • सर्शत अनुदान | २,००,००० |
| • विशेष अनुदान | ४०,००,००० |
| • समपुरक अनुदान | ६०,००,००० |
| • सवारी साधन कर | ७८,६७,००० |
| जम्मा | २,८०,८६,००० |
| जनसहभागिता | |
| नगद सहभागिता | |
| श्रम तथा वस्तुगत सहायता | |
| सबै शिर्षकको कुल जम्मा | ४०,५०,६३,७५५ |

**व्ययको विवरण**

| कुल व्यय अनुमान | |
|---|---|
| प्रशासनीक खर्च | ७,५५,००,००० (७ करोड ५५ लाख) |
| अन्य दायित्व | |
| विकास आयोजना तथा गाउँपालिका साझेदारी | १०,१९,५०,००५ (१० करोड १९ लाख ५० हजार ५ रुपैया) |
| वडागत आयोजना | १,४०,००,००० (१ करोड ४० लाख) |
| क्रमागत आयोजना | |
| सशर्त अनुदान | १९,४६,००,००० (१९ करोड ४६ लाख) |
| विशेष अनुदान | २,३०,००,००० ( २ करोड ३० लाख) |
| समपुरक अनुदान | १,६२,००,००० (१ करोड ६२ लाख) |
| बजेट बचत(+)/न्यून(-) | - २,९१,८६,२५० (२ करोड ९१ लाख ८६ हजार २ सय ५० रुपैया मात्र) |
| कुल जम्मा व्यय | ४३,४२,५०,००५ (४३ करोड ४२ लाख ५० हजार ५ रुपैया) |

आय व्यय विष्लेषण

संघीय सरकारवाट वित्तीय समानीकरण अनुदान, सर्शत अनुदान, विशेष अनुदान समपुरक अनुदान, राजस्व बाँडफाँडबाट कूल रकम रु. ३७,३८,७७,७५५ प्राप्त भएको छ। प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सर्शत अनुदान, विशेष अनुदान, समपुरक अनुदान, राजस्व बाँडफाँड प्राप्ति गरी

कूल रकम रु. २,८०,८६,००० प्राप्त भएको छ। साथै आन्तरिक आय रोयल्टी, मालपोत रजिष्ट्रेशन समेत गरी रु. १ करोड २० लाख ३५ हजार हुने अनुमान गरेको छु ।

| विवरण | बजेट (रु हजारमा) | प्रतिशत |
|---|---|---|
| कुल प्रस्तावित बजेट | ४३,४२,५०,००५ (४३ करोड ४२ लाख ५० हजार ५ रुपैया) | १०० प्रतिशत |
| चालु बजेट जम्मा सशर्त कार्यक्रम समेत | २६,३८,००,००० (२६ करोड ३८ लाख) | ६०.७५ प्रतिशत |
| पुजिगत बजेट जम्मा | १७,०४,५०,००५ (१७ करोड ४ लाख ५० हजार ५) | ३९.२५ प्रतिशत |

८. वडागत सिलिङ्ग तर्फ सबै वडाहरुलाई समानुपितर रुपमा प्रति वडा रु २० लाखका दरले १,४०,००,००० (एक करोड चाललस लाख) विनियोजन गरेको छु ।

९. गाउँपालिकाको प्रशासनिक भवन, चिसापानी आधारभुत अस्पताल, अधुरा रहेका सडकका आयोजनाहरु, खानेपानी आयोजनाहरु, जनतालाई प्रत्यक्ष लाभ हुने विभिन्न विषयगत शाखाहरुले संचालन गर्न कार्यक्रम शैक्षिक गुणस्तरमा सुधार गर्ने योजनाहरु, जनताको स्वास्थ्यसँग सम्बन्धित प्रत्यक्ष लाभ हुने खालका योजनाहरु, कृषि र पशुपंक्षि विकास सँग सम्बन्धित कार्यक्रम समावेश गरि वजेट तर्जुमा गरेको छु।

१०. वातावरण विपद् व्यवस्थापन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हुने कार्यका लागि समेत आवश्यक रकम विनियोजन गरेको छु ।

११. न्यायिक समिति मार्फत हुने कार्यक्रम, युवा लक्षित व्यावसाय प्रर्वद्धन, महिला, बालबालिका, आदिवाशी जनजाती, आपाङ्ग तथा दलितसँग सम्बन्धित कार्यक्रम सरोकारवाला पक्षहरुको राय सल्लाह सुझाव बमोजिम सञ्चालन हुने व्यवस्था मिलाएको छु ।

१२. रेडियो, टेलिभिजन तथा छापा पत्रपत्रिका मार्फत गाउँपालिकाको सूचना आफ्ना पालिकावासीहरु समक्ष पुऱ्याउनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

अन्तमा

हरिनास गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक गाउँपालिका विकास योजना तर्जुमाको क्रममा सहयोग पुऱ्याउनु हुने जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज तथा सम्बद्ध सबै पक्षलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। साथै यस बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि सम्बद्ध सबै पक्षबाट सदा झैं सहयोग पाउने अपेक्षा गर्दछु।

धन्यवाद।

**<u>प्रस्तोता</u>**

इन्द्र कुमारी थापा राना

उपाध्यक्ष

हरिनास गाउँपालिका, स्याङ्जा